निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मितिः २०८२/११/१०
नेपाल संवत् ११४६ चिल्लाथ्व पञ्चमी

## प्रेस विज्ञप्ति

### (निर्वाचन प्रचारप्रसार गर्दा निर्वाचन चिह्नको भौतिक स्वरुप प्रयोग नगर्ने/नगराउने सम्बन्धमा)

सम्वत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा सहभागी कतिपय राजनीतिक दल वा उम्मेदवारले निर्वाचन चिह्नको प्रचारप्रसार गर्दा भौतिक स्वरुपको निर्वाचन चिह्न साथमै बोकी प्रयोग गर्ने र जनसमुदायको समग्र शान्तिमा प्रतिकूल असर पारेको भन्ने सूचना/गुनासाहरु प्राप्त भएका छन्। राजनीतिक दल वा उम्मेदवारले कपडा, तुल, फ्लेक्स वा कागजमा छापी वा प्रिन्ट गरी तोकिएको मापदण्ड बमोजिम आफनो निर्वाचन चिह्नको प्रचारप्रसार गर्न सक्ने तर सोको सट्टामा कुनै धातु, काठ वा अन्य त्यस्तै प्रकृतिका सामाग्रीबाट बनेको भौतिक स्वरुपका निर्वाचन चिह्न लिई निर्वाचन प्रचारप्रसार गर्दा सुरक्षा जोखिम बढेको भन्ने उजुरी तथा गुनासोहरु समेत निर्वाचन आयोगमा प्राप्त भएका छन्।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१(१) मा निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिह्न आयोगले निर्धारण गर्ने व्यवस्था रहेको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा ४३ को उपदफा (१) मा "निर्वाचनका लागि दललाई प्रदान गरिने निर्वाचन चिह्न अनुसूची-३० बमोजिम र स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिह्न अनुसूची-३१ बमोजिम हुनेछ" भन्ने व्यवस्था रहेको छ। उल्लिखित ऐन र निर्देशिकाले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने उम्मेदवारलाई प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची-३० र अनुसूची-३१ मा उल्लेखित निर्वाचन चिह्न प्रदान गर्ने र सो बमोजिम निर्वाचन चिह्न पाएका दल वा उम्मेदवारले प्रयोग गर्ने दलको झण्डा र चुनाव चिन्हको मापदण्ड निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को खण्ड (ङ) मा व्यवस्था गरेको छ।

उल्लिखित सन्दर्भमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने राजनीतिक दल वा उम्मेदवारले आम जनमानसको सुरक्षामा असर पर्ने किसिमबाट भौतिक स्वरुपका कुनै धातु, काठ वा अन्य त्यस्तै प्रकृतिका सामाग्रीबाट बनेका निर्वाचन चिह्न प्रयोग गरी निर्वाचन प्रचारप्रसार नगर्न तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को खण्ड (ङ) मा तोकिए बमोजिमको मापदण्ड बमोजिम दलको झण्डा र चुनाव चिन्हको माध्यमबाट मात्र निर्वाचन प्रचारप्रसार गर्न गराउन र सोको विपरीत गरेको देखिएमा आचारसंहिता प्रतिकूल हुने व्यहोरा सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ।

नारायण प्रसाद भट्टराई
सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३, फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np